# दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१

| | |
|---|---|
| आ.व. २०८०/०८१ को ऐन नं. | १ |
| सभामा पेश भएको मितिः | २०८१/०३/१० |
| सभाबाट पास भएको मितिः | २०८१/०३/१७ |

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

दंगीशरण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

**लुम्बिनी प्रदेश, नेपाल**

# दंगीशरण गाउँपालिकाको आर्थिक ऐन,२०८१

गाउँ सभामा पेश भएको मितिः २०८१/०३/१०

गाउँसभावाट पारित भएको मितिः २०८१/०३/१७

प्रमाणिकरण मितिः २०८१/०३/२३

**प्रस्तावनाः**

दंगीशरण गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को अर्थसम्वन्धी प्रस्तावलाई कार्यन्वयनको लागि स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम दंगीशरण गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन संम्वत् २०८१ साल साउन महिनाको १ गतेदेखि दंगीशरण गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

**२. सम्पत्ति कर** : दंगीशरण गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिमको घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।घरको मुल्याङ्कन अनुसूची (२) अनुसार र घर वनोटको आधारमा ह्रास कट्टी अनुसूची (३) र जग्गाको मुल्याङ्कन अनुसूची (४) बमोजिम गरिने छ ।

**३. भूमी कर (मालपोत)** : दंगीशरण गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमी बाहेकको अन्य जग्गामा अनुसूची (५) बमोजिमको भूमी कर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

**४. घर बहाल कर** : दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची (६) बमोजिम बहाल कर लगाई असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर** : (१) दंगीशरण गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यावसाय, सेवा र यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति, संघसस्था वा निकायलाई पूँजीगत लगानी र व्यावसायिक कारोवारको आधारमा व्यावसायिक कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यावसायिक कारोवारको मुल्याङ्कन गर्दा व्यवसायको प्रकृति, वार्षिक कारोवार अङ्क, व्यावसाय रहेको स्थान र लगानीको परिमाणलाई समेत विष्लेषण गरी अनुसूची (७) बमोजिमको व्यवसाय कर लगाईनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तिय संस्था र सुपरमार्केटको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारका आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

**६. जडिवुटी, कवाडी र जीवजन्तु कर** : दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, बनकस कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत

शम्भु ...
अध्यक्ष

वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता बस्तुको ब्यावसायिक कारोवार गरेवापत अनुसूची (८) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

**७. सवारी साधन कर:** दंगीशरण गाउँपालिका भित्र दर्ता तथा ईजाजत प्राप्त गरी सञ्चालन हुने ई-रिक्शा, अटोरिक्सा, टाँगा, ठेला आदि सवारी साधनमा अनुसूची (९) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

**८. विज्ञापन कर:** दंगीशरण गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (१०) बमोजिम कर लगाई असुल उपर गरिनेछ ।

**९. मनोरञ्जन कर:** दंगीशरण गाउँपालिका क्षेत्रभित्र रहने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

**१०. बहाल विटौरी शुल्क:** दंगीशरण गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको बजार वा पसल वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा सडक वा बाटो किनारामा बनेको संरचनामा वन विशेष मेला पर्वमा अनुसूची (११) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

**११. सवारी साधन पार्किङ्ग शुल्क:** दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची (१२) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ । कुनै पनि पार्किङ्ग व्यावसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले दंगीशरण गाउँपालिकाको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुर:** दंगीशरण गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१३) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा ब्यवस्था भएअनुसार शुल्क लगाई असुल उपर गरिनेछ ।

**१३. घरजग्गा रजिष्ट्रेशन शुल्क:** दंगीशरण गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

**१४. पर्यटन शुल्क:** दंगीशरण गाउँपालिकाले तोकेको स्थानमा पर्यटक प्रवेश गर्दा कार्यपालिकाले तोकेको दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।

**१५. जरिवाना :** दंगीशरण गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनको बर्खीलाप हुने गरी कार्य गर्नेलाई अनुसूची (१४) बमोजिम जरिवाना हुनेछ ।

**१६. घर नक्सापास दस्तुर:** दंगीशरण गाउँपालिका भित्र निर्माण हुने घर नक्सापासको लागि अनुसूची (१५) बमोजिम दस्तुर लगाई असुल उपर गरिनेछ ।

**१७. कर छुट तथा प्रोत्साहन सम्वन्धी व्यवस्था:** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कर छुट दिईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समावेशी विकासको अबधारणालाई दृष्टिगत गरी गाउँ कार्यपालिकाले औचित्य स्पष्ट पारी सर्वसम्मत निर्णयले बढीमा अनुसूची (१६) मा लेखिए

शम्भु गिरी
अध्यक्ष

बमोजिम कर छुट दिने निर्णय गर्न सक्नेछ र त्यस्तो निर्णयबाट आर्थिक बर्ष भरीमा दिईएको कर छुटको क्षेत्र र रकम सहित उल्लेख गरी छुट्टै प्रतिवेदन बनाई आगामी गाउँसभामा पेश गर्नु पर्नेछ ।

(३) गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर नतिर्ने व्यक्ति तथा संस्थाको हकमा नागरिकता सिफारिस र व्यक्तिगत घटना दर्ता बाहेक गाउँपालिकाले प्रदान गर्ने अन्य सेवा सुविधाबाट बञ्चीत गर्ने गरी कार्यपालिकाले निर्णय गर्नसक्नेछ ।

(४) दंगीशरण गाउँपालिका क्षेत्रभित्र अबैध रूपमा नदिजन्य पदार्थको ओसार पसार गर्न पाईने छैन ।

(५) उपदफा (४) को विपरित कार्य गर्नेलाई जरिवाना गर्न सहयोग गर्ने प्रहरी संगठनलाई अनुसूची (१६) बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

**१८. सहकार्यमा राजस्व संकलन गर्न सकिनेः** कवाडी कर लगाएत राजस्व संकलन गर्दा जिल्लाका अन्य स्थानीय तहका साथै सेवा प्रदायकहरूसँगको सहकार्य प्रभावकारी हुने देखिएमा गाउँ कार्यपालिकाले निर्णय गरी सहकार्यमा राजस्व संकलन गर्न सकिनेछ ।

**१९. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## अनुसूचि-१

### सम्पत्ति करको दर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन,२०८१ को दफा (२) सँग सम्बन्धित

| क्र.सं. | सम्पत्तिको मुल्याङ्कन विवरण | बार्षिक करको दर रु.. |
|---|---|---|
| १. | १ लाख सम्म | ५०/- |
| २. | १ लाख माथि १० लाख सम्म | थप प्रति हजार । २० पैंसा |
| ३. | १० लाख माथि २० लाख सम्म | थप प्रति हजार । २५ पैंसा |
| ४. | २० लाख माथि ४० लाख सम्म | थप प्रति हजार । ३० पैंसा |
| ५. | ४० लाख माथि ६० लाख सम्म | थप प्रति हजार । ३५ पैंसा |
| ६. | ६० लाख माथि १ करोड सम्म | थप प्रति हजार ।४० पैंसा |
| ७. | १ करोड माथि २ करोड सम्म | थप प्रति हजार ।४५ पैंसा |
| ८. | २ करोड माथि ५ करोड सम्म | थप प्रति हजार ।५० पैंसा |
| ९. | ५ करोड माथि १० करोड सम्म | थप प्रति हजार । ६० पैंसा |
| १०. | १० करोड माथि जतिसुकै सम्म | थप प्रति हजार ।७० पैंसा |

## अनुसूची-२

### भवन वा संरचनाको मूल्याङ्कन दर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन,२०८१ को दफा (२) सँग सम्बन्धित

| क्र.सं. | भवन वा संरचनाको विवरण | प्रति वर्गफिट मुल्याङ्कन रु. | कैफियत |
|---|---|---|---|
| १. | आर.सि.सि.फ्रेम स्ट्रक्चर | २०००/- | |
| २. | सिमेन्ट मसलाको जोडाई | ९००/- | |
| ३. | माटोको जोडाई | ४००/-- | |
| ४. | बारेको खरको छाना र माथि खुल्न नसकेका अन्य सबै | १००/- | |

## अनुसूचि-३

### भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि दर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा (२) सँग सम्बन्धित

भवनको वनोट र सोमा ह्रास कट्टी गर्ने तरिका समान ह्रास कट्टी पद्धति( Straight Line Method) अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गरिनेछ ।

| क्र.स. | भवनको प्रकार / वनोट | वार्षिक ह्रास | ह्रास कट्टी अवधी |
|---|---|---|---|
| १. | आर.सि.सि.फ्रेम स्ट्रक्चर | १% | ७५ बर्ष |
| २. | सिमेन्ट मसलाको जोडाई | १.५ % | ५० बर्ष |
| ३. | माटोको जोडाई | ३% | २५ बर्ष |
| ४. | बारेको खरको छाना र माथि खुल्न नसकेका अन्य सबै | ३% | २५ बर्ष |

शम्भु गिरी
अध्यक्ष

अनुसूची-४

## सम्पत्ति कर प्रयोजनका लागि जग्गाको मुल्याङ्कन दर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा (२) सँग सम्बन्धित

| क्र.सं. | विवरण | न्युनतम दर प्रति कट्ठा |
|---|---|---|
| | **१ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | |
| १ | बखरिया बुट्केसाल सडक १० मिटर | ४०००००/- |
| २ | स्यानोधारा गनारी, छरकट्टा, प्रहरी चौकी गौडा, झोलुङ्गे पुल, पुन टोल, रामपुर टोलको सडक, पदमपुर रहरपुर बैवाङ्गजाने सडक (७ मिटर) | २०००००/- |
| ३ | जुंगे खोला शिवपुरी, भरैया, भुयाँरथान, छहरेखोला, धनटाकुरा, बुट्केसाल, रहरपुर पुल देखि पश्चिम जाने बाटो, स्कुल चोक पुल देखि रहरपुर जानेबाटो, अन्य भित्रि सडक सबै | १०००००/- |
| ४ | फुर्केसल्ली | ३००००/- |
| ५ | अन्य स्थान | ५००००/- |
| | **२ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | |
| ६ | बंगलापुर बुर्केसाल दमार गाउँ गोल्टाकुरी सडक १० मिटर | ४०००००/- |
| ७ | सरुवाडाँडा, कौवाघारी, बंगलापुर, कौवाघारी प्रा.वि.को घारी सडक बंगलापुर सरुवाडाँडा, कौवाघारी, सिमलकुना, सरुवाडाँडा, स्यानोधारा, माथिल्लो सडक ७ मिटर डाँगीचौरदेखि माथिल्लो सडक, बंगलापुर रिङ्गरोड, कौवाघारी रिङ्गरोड, अन्यभित्रि सडक सबै | २०००००/- |
| ८ | अन्य स्थान | ५००००/- |
| | **३ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | |
| ९ | हेकुली कुलो चौकदेखि हेकुली स्कुल चौक सडक १२ मिटर | ८०००००/- |
| १० | चखौरादेखि दामोदर सडक १० मिटर | ३५००००/- |
| ११ | दामोदर सडक | ५०००००/- |
| १२ | हेकुली चौक चिरागार, चखौरादेखि मायाखोला, नयाँ बस्ती बाटो ,अन्य भित्रि सडक सबै | २०००००/- |
| १३ | अन्य स्थान | १०००००/- |

| | | |
|---|---|---|
| | **४ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | |
| १४ | हेकुली चौकदेखि बैवाङ्ग ओरालो सम्म | ८०००००/- |
| १५ | हेकुली चौक शिवमन्दिर सम्म | ८०००००/- |
| १६ | दामोदर सडक | ५०००००/- |
| १७ | सुकदेवादेखि मैलि हुदै ५ नं सिमाना सम्म | ३००००० |

शम्भु गिरी
अध्यक्ष

| | | |
|---|---|---|
| १८ | बैवाङ्ग ओरालोदेखि बबई | ४०००००/- |
| १९ | कृषि सडक | २५००००/- |
| २० | मौली, सरैया, सतीमन्दिर, मौनवा, कुरेवा टोल, शिव मन्दिर कुकुर खैला बेलझुण्डी कनरिया टोल ठूलो खल्यान, सलौरा स्कुल, बालुवा टोल ७ मी. र अन्य भित्री सडक | २०००००/- |
| २१ | अन्य स्थान | १०००००/- |
| **५ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |
| २२ | सुर्खेत सडक खण्ड ३० मीटर | १००००००/- |
| २३ | गाउँपालिका जाने बाटो १२ मीटर | ८०००००/- |
| २४ | नन्द्रागाउँ कृषि सडक, डाँडागाउँ कुर्री, पोटली सलौरा, मिरौली, रावतगाउँ सडक खण्ड, डाँडाचिस सलौरा, लौबस्ता, खलुवाचिस सलौरा सडक १० मी. | ३०००००/- |
| २५ | घडेरी टोल जाने बाटो, कुमलगढी मायाखोला जाने बाटो, खलुवाचिस देवीगञ्ज सलौरा लगाएत बस्ती भित्रका भित्री बाटाहरु ८ मी., अन्य सबै भित्री सडक | २०००००/- |
| २६ | अन्य स्थान | १०००००/- |
| **६ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |
| २७ | सुर्खेत सडक खण्ड ३० मीटर | १००००००/- |
| २८ | बागर थपगाउँ सडक | ४०००००/- |
| २९ | दामोदर सडक | ४०००००/- |
| ३० | बागर डाँडाकुलो नयाँ बस्ति, राजपुर भित्री सडक, प्रसडुवा ढुकुरेडाँडा बुराडावर मैरवा भण्डारी टोल, गिरी टोल, खड्का टोल, लेटार पूर्वी टोल, मध्यटोल, खडकपुर टोल थपगाउँ रिङ्गरोड ७ मी. , अन्य भित्री सडक सबै | २५००००/- |
| ३१ | अन्य स्थान | १०००००/- |
| **७ नं. वडा क्षेत्रभित्रको घरले चर्चेको जग्गाको मुल्याङ्कन** | | |
| ३२ | सुर्खेत सडक खण्ड ३० मीटर | १००००००/- |
| ३३ | दामोदर सडक थपगाउँदेखि कोईराल डाँडा १० मी. | ५०००००/- |
| ३४ | सुर्खेत सडकदेखि बुटनिया सम्म ९ मी. | ४०००००/- |
| ३५ | बुट्टीपुर, मन्त्री डाँडा, बाँका दुविचौर, बाँका रजपल, श्रीगाउँ रजपल, कोईराल डाँडा, बुढाडावर, गोरक्ष टोल पूर्व रजपल सम्मका ७ मी.का सडक खण्डहरु, अन्य भित्रि सडक सबै | ३०००००/- |
| ३६ | अन्य स्थान | १०००००/- |

दंगीशरण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लेखनी, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

शम्भु गिरी
**अध्यक्ष**

अनुसूची-५

दंगीशरण गाउँपालिकाको आर्थिक ऐन,२०८१ को दफा (३) सँग सम्वन्धित

गाउँपालिका क्षेत्र भित्रका जग्गाहरुलाई देहाय अनुसार बर्गीकरण गरिएको छ

| जग्गाको बर्ग | जग्गाको विवरण |
|---|---|
| "क" | वडा नं.५,६ र ७ को तुलसीपुर पुरन्धारा सडकमा पर्ने जग्गा |
| "ख" | १. वडा नं. ३, ४, ६ र ७ को दामोदर सडकसँग जोडिएको जग्गा<br>२.पोटली देखि दामोदर सडकसँग जोडिएको जग्गा<br>३. पोटली देखि बबई नदी पुलसम्म जोडिएको जग्गा<br>४. बालापुर देखि दामोदर सडकसँग जोडिएको जग्गा<br>५. बागर देखि दामोदर सडक पानी टयाङ्कीसम्म जोडिएको जग्गा<br>६. सुर्खेत सडक खण्ड देखि बुटनिया सम्मको सडकसँग जोडिएको जग्गा |
| "ग" | वडा नं.३,४,५,६ र ७ को जुनसुकै भित्री सडकसँग जोडिएको जग्गा र वडा नं.१ र २ को बखरिया-बुर्केसाल सडकसँग जोडिएको जग्गा |
| "घ" | वडा नं. ३,४,५,६ र ७ को जुनसुकै खेतियोग्य जग्गा लगाएत वडा नं.१ र २ को जुनसुकै भित्री सडकसँग जोडिएको जग्गा |
| "ङ" | वडा नं. १ र २ को जुनसुकै खेतियोग्य जग्गा |
| "च" | मध्यवर्ती क्षेत्र अन्तर्गत वडा नं. १ को बन्यजन्तुवाट अन्नबाली क्षेती हुने फुर्केसल्ली क्षेत्रको जग्गा |

## भूमी (मालपोत) करको दर

दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा (३) सँग सम्बन्धित

| जग्गाको क्षेत्रफल विवरण | भुमी कर दर | | | | | |
|---|---|---|---|---|---|---|
| | क बर्गको जग्गा | ख बर्गको जग्गा | ग बर्गको जग्गा | घ बर्गको जग्गा | ङ बर्गको जग्गा | च बर्गको जग्गा |
| ५ कट्ठा सम्म रु. प्रति कट्ठा | २५/- | २०/- | १५/- | १२/- | १०/- | ७/- |
| ५ कट्ठा माथि १० कट्ठा सम्म रु. प्रति कट्ठा | ३०/- | २५/- | १८/- | १४/- | १२/- | ९/- |
| १० कट्ठा माथि १५ कट्ठा सम्म रु. प्रति कट्ठा | ३५/- | ३०/- | २३/- | १७/- | १४/- | १२/- |
| १५ कट्ठा माथि १ विघा सम्म रु. प्रति कट्ठा | ४०/- | ३५/- | २८/- | २२/- | १७/- | १४/- |
| १ विघा माथि २ विघा सम्म रु. प्रति कट्ठा | ४५/- | ४०/- | ३३/- | २७/- | २२/- | १७/- |
| २ विघा माथि ३ विघा सम्म रु. प्रति कट्ठा | ५०/- | ४५/- | ३८/- | ३२/- | २७/- | २२/- |
| ३ विघा माथि जतिसुकै सम्म रु. प्रति कट्ठा | ५५/- | ५०/- | ४३/- | ४२/- | ३२/- | २७/- |

बक्यौताको हकमा पनि यसै व्यवस्था बमोजिम भूमी (मालपोत) कर उठाईने छ र बक्यौता रकममा दफा (१५) बमोजिमको थप जरिवाना लाग्नेछ ।

शम्भु गिरी
अध्यक्ष

अनुसूची-६

**घर बहाल कर**

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०८१ दफा (४) सँग सम्बन्धित

| सि.न. | राजस्व विवरण | दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, गोदाम, भवन, पसल, टहरा, ग्यारेज, जग्गा, पोखरी वा अन्य कुनै सम्पत्ति वहालमा दिएकोमा बहाल लागेको मितिका आधारमा बहाल अङ्कको दर | १०% |

ब्यक्ति वा संगठित संस्थाले वहाल कर बुझाउँदा अग्रीम रुपमा स्रोतमा कर कट्टी गरि दाखिला गर्नु पर्नेछ । कर अवधि गणना गर्दा दैनिक, मासिक वा बार्षिक अवधीलाई आधार मानिनेछ । गाउँ कार्यपालिकाले विभिन्न क्षेत्रको न्यूनतम वहाल दर तोक्न सक्नेछ ।न्यूनतम बहाल दर नतोकीएको अवस्थामा करदाताले स्वःघोषणा गरेको आधारमा बहाल कर निर्धारण गरिनेछ । बहाल करको बक्यौता रकम पनि यसै व्यवस्था अनुसार असुल उपर गरिनेछ ।

अनुसूचि-७

**व्यवसाय कर**

दगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा (५) सँग सम्बन्धित

दंगीशरण गाउँपालिका क्षेत्रभित्र सञ्चालित तथा अवदेखि दर्ता हुने उद्योग, ब्यावसाय र ब्यापारमा लगानी र प्रकारका आधारमा देहाय बमोजिमको वार्षिक कर लगाईने छ ।

| सि.नं. | व्यवसाय | प्रकार | बार्षिक दर |
|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | ३०००/- |
| | | थोक | ३०००/- |
| | | खुद्रा | २५००/- |
| २ | सी.डी., रेडियो, क्यासेट विक्रि पसल | वितरक | १५००/- |
| | | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| ३ | चुरोट बिडी सुर्तिजन्य | वितरक | २५००/- |
| | | थोक | १७००/- |
| | | खुद्रा | १२००/- |
| ४ | मोवाईल एसेसरीज | वितरक | २०००/- |
| | | थोक | १५००/- |
| | | खुद्रा | १०००/- |
| ५ | पुस्तक पसल तथा स्टेशनरी | वितरक | २०००/- |
| | | थोक, खुद्रा | १५००/- |

शम्भु गिरी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ६ | तयारी लुगा | वितरक | २०००/- |
| | | थोक | १५००/- |
| | | खुद्रा | १०००/- |
| ७ | हार्डवियर/स्यानीटरी/ मार्बल पसल | वितरक | ३५००/- |
| | | थोक | ३०००/- |
| | | खुद्रा | २५००/- |
| ८ | विजुली सामान पसल | वितरक | २०००/- |
| | | थोक | १५००/- |
| | | खुद्रा | १०००/- |
| ९ | श्रृंगार पसल | खुद्रा,थोक | १०००/- |
| १० | रोडा बालुवा | भण्डारण तथा विक्री | १००००/- |
| | | प्रसोधन तथा विक्री | ५००००/- |
| ११ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ४०००/- |
| | | पेट्रोल विक्री केन्द्र | १५००/- |
| | | ग्याँस सिलिण्डर डिलर/ सव डिलर | १०००/- |
| | | मट्टीतेल मात्र | १०००/- |
| १२ | औषधी पसल (मानव उपचारसँग सम्बन्धित) | थोक | ३०००/- |
| | | खुद्रा डाक्टरको परामर्श सहितको | २०००/- |
| | | खुद्रा डाक्टरको परामर्श नभएको | १०००/- |
| १३ | एग्रो भेट (पशु पंक्षिको औषधी उपचारसँग सम्बन्धीत) | थोक | ३०००/- |
| | | खुद्रा (पशु चिकित्सकको परामर्श सेवा सहितको) | २०००/- |
| | | खुद्रा (पशु चिकित्सकको परामर्श सेवा नभएको) | १०००/- |
| १४ | खाद्य पसल/किराना/हल्का पेय पदार्थ | वितरक | ४०००/- |
| | | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| १५ | कपडा पसल (तयारी पोशाक बाहेक) | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| १६ | तरकारी पसल | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |

शम्भु गिरी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १७ | फलफूल पसल | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| १८ | डेरी/दुध/दही/बेकरी पसल | थोक | १०००/- |
| | | खुद्रा | ५००/- |
| १९ | भाँडा पसल | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| २० | गिफ्ट/खेलौना पसल | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| २१ | साईकल मर्मत/ साईकल बिक्री सो रुम | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| २२ | मोटरसाईकल मर्मत / बिक्री डिलर | बिक्री डिलर (मर्मत समेत) | ४०००/- |
| | | मर्मत | १०००/- |
| २३ | सुन चाँदी पसल | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| २४ | माछा/मासु बिक्री पसल (फ्रेस हाउस) | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| २५ | छपाई प्रकाशन | अफसेट प्रेस | २०००/- |
| | | साधारण | १०००/- |
| २६ | मोटर पार्टश | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| २७ | प्लाई तथा ग्लास | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| २८ | स्टील आल्मुनियम पसल | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| २९ | तयारी फर्निचर पसल | थोक | ३०००/- |
| | | खुद्रा | १०००/- |
| ३० | कपडा सिलाई कटाई/गार्मेन्ट पसल | थोक | २०००/- |
| | | खुद्रा | १०००/- |
| ३१ | स्नुकर तथा पुल हाउस/क्यारेम बोर्ड | व्यवसायिक | १०००/- |
| ३२ | माटाका भाँडा पसल | थोक | ५००/- |
| | | खुद्रा | २००/- |
| ३३ | गल्ला पसल | व्यवसाय | १०००/- |
| ३४ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | चिकित्सक | २५००/- |
| | | कन्सल्टेन्ट सेवा ( ईन्जिनीयरिङ्ग) | १५००/- |
| | | कानुन व्यावसायि ल फर्म | ५००/- |
| | | दन्त चिकित्सक | १०००/- |
| | | अनुसन्धानकर्ता परामर्शदाता | १०००/- |
| | | पशु चिकित्सक | १०००/- |
| | | रोजगार सेवा | १५००/- |
| ३५ | ढुवानी तथा ट्रान्सपोर्ट | व्यवसाय | १५००/- |



शम्भु गिरी

| | | | |
|---|---|---|---|
| ३६ | पेन्टर/साईनबोर्ड लेख्ने आदि | व्यवसाय | १०००/- |
| ३७ | जग्गा व्यवसायी | सेवा | २५००/- |
| ३८ | निमार्ण व्यवासायी | व्यवसाय | ३०००/- |
| ३९ | अन्य व्यवसाय | जुनसुकै | १०००/- |
| **कृषिमा आधारीत व्यवसाय** | | | |
| ४० | रासायनिक मल बिक्रेता प्रमाणपत्र नविकरण | व्यवसायिक सहकारी | १०००/- |
| ४१ | वाख्रापालन /कखुरापालन /भैंसी पालन/बंगुरपालन /हाँसपालन /माछापालन/माहुरीपालन व्यवसाय वा बहुउद्देश्यीय व्यवसाय आदि | ५ लाख सम्मको लगानी भएको | ५००/- |
| | | ५ लाख भन्दा माथि २० लाख सम्म लगानी भएको | १०००/- |
| | | २० लाख देखि माथि ५० लाख सम्मको लगानी भएको | १५००/- |
| | | ५० लाख देखि १ करोड सम्मको लगानी भएको | ३०००/- |
| | | १ करोड देखि ५ करोड सम्मको लगानी भएको | ७०००/- |
| | | ५ करोड देखि १० करोड सम्म | १००००/- |
| | | १० करोड भन्दा माथी सबै | १५०००/- |
| ४२ | वनजन्य उत्पादनसँग सम्बन्धित व्यवसाय (गैर काष्ठ जन्य जडिबुटी उत्पादन, काष्ठ जन्य उत्पादन निजी वन आदि) | ५ लाख सम्मको लगानी भएको | १०००/- |
| | | ५ लाख भन्दा माथि २० लाख सम्म लगानी भएको | १५००/- |
| | | २० लाख देखि ५० लाख सम्मको लगानी भएको | २०००/- |
| | | ५० लाख देखि १ करोड सम्मको लगानी भएको | २५००/- |
| | | १ करोड देखि १० करोड सम्मको लगानी भएको | ५०००/- |
| | | १० करोड देखि माथी सम्मको लगानी भएको | ५५००/- |
| **उत्पादन मुलक उद्योग** | | | |
| ४३ | कुटानी/पेलानी खाद्यान्न/मसला मिल | थोक, खुद्रा | १०००/- |
| ४५ | ग्रील उद्योग | थोक,खुद्रा | १५००/- |
| ४६ | जुत्ता उद्योग | सबै प्रकार | १०००/- |
| ४७ | साना घरेलु उद्योग ( मैन बत्ति, टीकी, अचार तथा अन्य कुटिर) | सबै प्रकार | १००/- |
| ४८ | कपडा तथा गार्मेन्ट उद्योग | सबै प्रकार | १५००/- |
| ४९ | सिरक, डसना लगाएतका बिछ्याउने तथा ओडने सामान सँग सम्बन्धीत | सबै प्रकार | १०००/- |
| ५० | उपभोग्य बस्तु उत्पादन उद्योग | कुकिज/नुडल्स | १०००/- |
| | | दालमोट/पाउरोटी/चाउमिन | ५००/- |
| | | पापड/चिप्स/फिगर | ५००/- |



शम्भु गिरी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ५१ | बनजन्य उद्योग | स मिल, प्लाई उद्योग | ३०००/- |
| | | काठ चिरानी तथा बिक्रि डिपो | ५०००/- |
| | | नर्शरी (विरुवा उत्पादन) | २००/- |
| ५२ | क्रसर, कन्क्रिट/ईटा उद्योग | उद्योग | ७०००/- |

| | | | |
|---|---|---|---|
| ५३ | साना/मझौला उद्योग | उद्योग | २०००/- |
| ५४ | ठूला उद्योग | उद्योग | १५०००/- |
| ५५ | अन्य उद्योग | उद्योग | १०००/- |
| ५६ | मुर्तिकला, चित्रकला, वास्तुकला | उद्योग | १००० |
| **पर्यटन उद्योग** | | | |
| ५६ | होटल तथा रेष्टुरेन्ट व्यावसाय | होटल/लज/गेष्ट हाउस | १५००/- |
| | | भोजनालय | १०००/- |
| | | चिया नास्ता /मिठाई पसल | १०००/- |
| | | रेष्टुरेन्ट एण्ड वार | २५००/- |
| | | पार्टी प्यालेस | २५००/- |
| ५७ | पिकनिक स्पट | प्रति स्पट | ५००/- |
| ५८ | पर्यटन शुल्क | पर्यटन प्रवेश शुल्क | प्रवेश टिकटको ५% ले हुने रकम |
| **सेवा उद्योग** | | | |
| ५९ | **सञ्चार** | एफ.एम. प्रशारण | २०००/- |
| | | केवुल च्यानल प्रशारण | २०००/- |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १०००/- |
| | | फाटोकपी/पि.सी.यो./साईवर तथा क्याफे | १०००/- |
| | | कुरियर सेवा | १०००/- |
| | | कलरल्याब | १०००/- |
| ६० | **बित्तीय** | वाणिज्य बैंक प्रति शाखा/केन्द्रीय कार्यालय | ७०००/- |
| | | बिकास बैंक प्रति शाखा/केन्द्रीय कार्यालय | ४०००/- |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | २५००/- |
| | | वित्तीय ऋण सहकारी संस्था | १०००/- |
| | | मनी ट्रान्सफर | १५००/- |
| | | विमा कम्पनी | २५००/- |
| | | लघु वित्त | २५००/- |
| ६१ | **स्वास्थ्य सेवा व्यवसाय** | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५००/- |
| | | क्लिनिक तथा ल्याव | १०००/- |
| | | चस्मा पसल | १०००/- |
| ६२ | **शिक्षा सेवा व्यवसाय** | क्याम्पस | २०००/- |
| | | माध्यमिक विद्यालय | २०००/- |
| | | आधारभूत | १५००/- |
| | | छात्राबास | १०००/- |

शम्भु गिरी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | मन्टेश्वरी | १०००/- |
| | | ट्यूसन सेन्टर | १५००/- |
| | | कम्प्युटर/नृत्यकला/सिकाई | १५००/- |
| | | तालिम तथा अनुसन्धान केन्द्र | १५००/- |

| | | | |
|---|---|---|---|
| ६३ | **मर्मत सम्भार** | टायर-ट्युब मर्मत, रिसोलिङ्ग, हावा भर्ने | १०००/- |
| | | इन्जिन मर्मत | १५००/- |
| | | डेनटिङ्ग/पेन्टीङ्ग | १०००/- |
| | | टि.भि.फ्रिज, मोटर, पङ्खा, रेडियो, घडि, जेनेरेटर, कम्प्युटर, मोवाईल, (ईलेक्ट्रोनिक) | १०००/- |
| | | मोटरसाईकल मर्मत | १०००/- |
| | | अन्य सवारी साधन मर्मत (बस,जीप आदि) | १०००/- |
| | | अन्य बिविध मर्मत | १०००/- |
| ६४ | ड्राइक्लिनिङ्ग, व्युटिपार्लर तथा सैलुन | व्यवसाय | १०००/- |
| ६५ | फूल/बिरुवा पसल | व्यवसाय | १०००/- |
| ६६ | मनोरञ्जन कर | जादु सर्कस चटक आदि | २५००/- |
| | | सिनेमा हल तथा मनोरञ्जन प्रबेश स्थलको प्रबेश शुल्क | १००/- |
| | गाउँपालिका भित्र सञ्चालित मनोरञ्जन सेवामा प्रदेश कानुन वमोजिम कर लगाई असुल उपर गरिने छ। | | |
| ६७ | अन्य जुनसुकै व्यवसाय | व्यवसाय | १०००/- |

व्यवसाय करको बक्यौता यसै अनुसूचीको व्यवस्था बमोजिम असुल गरिनेछ र कर लगाउँदा अन्य निकायमा दर्ता भई गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएको अवधिलाई समेत गणना गरी बक्यौता रकम असुल गरिनेछ ।

अनुसूची-८

## जडिबुटी, कवाडी र जीवजन्तु कर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा (६) सँग सम्बन्धित

| क्र.सं. | राजस्व विवरण | दर (रु.) |
|---|---|---|
| १. | कानुनले निषेध गरे बाहेकका मृत वा मारिएका जीवजन्तुको हाड,सिङ्ग, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोवार गरे प्रति ईकाई प्रति पटक | १० |
| २. | फलाम जन्य, स्टील जन्य,सिसा जन्य वा अन्य कवाडी मालवस्तुका लागि प्रति किलो ग्राम | २ |
| ३. | कागज जन्य कवाडी मालवस्तुका लागि प्रति किलो ग्राम | १ |

जडिबुटी, कवाडी र मृत जीवजन्तुको हाड, सिङ्ग जस्ता बस्तुहरुको संकलन गर्ने कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

शम्भु गिरी
अध्यक्ष

अनसूचि-९

## सवारी साधन कर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा (७) सँग सम्बन्धित

| क्र.स. | सवारी साधनको किसिम | दर रु. |
|---|---|---|
| १ | ईरिक्शा प्रति सवारी साधन प्रतिवर्ष | ३०००/- |
| २ | अटोरिक्सा प्रति सवारी साधन प्रतिवर्ष | ५०००/- |
| ३ | टाँगा, ठेला प्रति सवारी साधन प्रतिवर्ष | २००/- |

दंगीशरण गाउँपालिकामा दर्ता हुने सवी साधनको दर्ता दस्तुर रू. १०००/- लाग्नेछ ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... लुम्बिनी प्रदेश, नेपाल

अनुसूचि-१०

## विज्ञापन कर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा (८) सँग सम्बन्धित

| क्र.स. | विवरण | दर (रु) |
|---|---|---|
| १ | फ्लेक्स वोर्डबाट तयार गरिएको विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रति वर्ग फुट | ३०० |
| २ | डिजिटल वोर्ड, ग्लोसाइन वोर्ड, स्टिकरवाट गरिने विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रति वर्ग फुट | ४०० |
| ३ | नियोन साईन र यस्तै विज्ञापन प्रचार सामाग्रीको प्रतिवर्ष प्रति वर्ग फुट | ३०० |
| ४ | सवारी साधनमा स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीका लागि प्रति वर्ष प्रतिवर्गफुट | २०० |
| ५ | सवारी साधनको दाँयावायाँ पट्टीको भागमा अधिकतम वीस स्क्वायर फुट सम्मको अस्थायी प्रकृतिको वोर्ड राखि गरिने विज्ञापनका लागि प्रति महिना | १०० |
| ६ | खेल मैदान, मेला, जात्रा, पर्व र अन्य यस्तै प्रकृतिका अनुमति लिएर गरिने कार्यक्रममा गरिने विज्ञापन वापत सम्वन्धीत आयोजकवाट प्रतिदिन | ४०० |
| ७ | वेलुन, ज्याकेट, साईकल, मोटरसाईकल प्रयोग गरि गरिने विज्ञापन वा डमी प्रचार प्रति गोटा प्रति महिना | २०० |
| ८ | विज्ञापन प्रयोजनका लागि व्राण्ड कलरका हकमा प्रति वर्गफीट प्रतिवर्ष | ३०० |
| ९ | अन्य विज्ञापनका हकमा प्रतिवर्ष प्रतिवर्गफीट | ३०० |

गाउँपालिका क्षेत्रभित्र गाउँ कार्यपालिकाको कार्यालय वा सम्वन्धित वडा कार्यालयको अनुमति लिएरमात्र विज्ञापन सामाग्री राख्न पाईनेछ ।

१. भवनको छत,कौशी वा पुरै झ्याल ढाक्ने गरी विज्ञापन सामाग्री राख्न पाईने छैन ।

२. बाटोको सिमाना देखि १० फिट भित्र र सँधियारको सिमाना देखि ५ फिट भित्र तथा सार्वजनिक हितसँग सम्वन्धित बाहेक विज्ञापन सामाग्री राख्न पाईने छैन ।

३. भवन, जमिन,व्यापारिक केन्द्र, पसल, होटल, रेष्टुरेन्ट, विद्यालय, पेट्रोल पम्प लगाएत भवनको भित्रि भागमा विज्ञापन प्रयोजनको लागि राखिएको प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुनेछैन ।

४.सुर्तिजन्य, मदिरा तथा नेपाल सरकार र गाउँ कार्यपालिकाको कार्यालयबाट निषेध गरिएका विज्ञापन वा प्रचार सामाग्री राख्न पाईनेछैन ।

शम्भु गिरी
अध्यक्ष

## अनुसूचि-११
## बहाल विटौरी शुल्क

दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा (१०) सँग सम्बन्धित

| क्र.स. | विवरण | दर (रु.) |
|---|---|---|
| १ | उपयोग गरेको क्षेत्रफलका आधारमा प्रति बर्ष प्रति बर्ग फुट | ५ |
| २ | उपयोग गरेको खेति योग्य जमिन प्रति कट्ठा | १००० |

## अनुसूची-१२
## सवारी साधन पार्किङ्ग शुल्क

दगीशरण गाउँपालिकाको आर्थिक ऐन २०८१ दफा (११) सँग सम्बन्धित

| क्र.सं. | विवरण | दर (रु.) |
|---|---|---|
| १ | दुई पाङ्ग्रे सवारी साधनका लागि प्रति दिन | २० |
| २ | तिन पाङ्ग्रे सवारी साधनका लागि प्रति दिन (अटोरिक्सा, ई-रिक्सा) | ५० |
| ३ | चार पाङ्ग्रे सवारी साधनका लागि प्रति दिन | १०० |
| ४ | हेव्भी गाँडी ( ट्रक, टिप्पर तथा अन्य) | १५० |

दंगीशरण गाउँ कार्यपालिकाले सवारी साधन पार्किङ्ग शुल्क स्थानका आधारमा निर्धारण गरी लागु गर्न सक्नेछ ।

## अनुसूची-१३
## सेवा शुल्क दस्तुर

दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा (१२) सँग सम्बन्धित

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| १ | विपन्ता सिफारिस तथा प्रमाणित | निशुल्क |
| २ | असहाय सिफारिस तथा प्रमाणित | निशुल्क |
| ३ | अपाङ्गता सिफारिस | निशुल्क |
| ४ | मिलापत्र निवेदन दस्तुर | १०० |
| ५ | मिलापत्र दस्तुर १० लाख सम्म विगो खुलेको | ०.१ प्रतिशत |
| ६ | मिलापत्र दस्तुर १० लाख देखि माथीको विगो खुलेकोमा विगोको | ०.२ प्रतिशत |
| ७ | मिलापत्र दस्तुर विगो नखुलेकोमा | १००० |
| ८ | मुद्दा दर्ता दस्तुर र प्रति उत्तर दस्तुर | १०० |
| ९ | न्यायिक समिति निवेदनको प्रतिलिपी बापत दस्तुर | १०० |
| १० | नागरिकता सिफारिस | निशुल्क |
| ११ | नागरिकता प्रतिलीपी सिफारिस | ३०० |
| १२ | बहालकरको लेखाजोखा सिफारिस | ५०० |
| १३ | बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्दा लाग्ने दस्तुर | ५०० |
| १४ | घर जग्गा करको लेखा जोखा सिफारिस दस्तुर | ५०० |
| १५ | ब्यापार व्यवसाय बन्द भएको सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको | १००० |

शम्भु गिरी
अध्यक्ष

| | | |
|---|---|---|
| | सिफारिस दस्तुर | |
| १६ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस दस्तुर | निशुल्क |
| १७ | अंग्रेजी भाषामा सिफारिस | २५ प्रतिशत थप |
| १८ | घर पाताल प्रमाणीत दस्तुर | ५०० |
| १९ | व्यक्तिगत विवरण प्रमाणीत दस्तुर | २५० |
| २० | विद्युत जडान सिफारिस | ५०० |
| २१ | व्यवसाय तथा उद्योग ठाँउसारी तथा नामसारी सिफारिस | १००० |
| २२ | जनजाति दलित प्रमाणित तथा सिफारिस | २०० |
| २३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणीत दस्तुर | २०० |
| २४ | अंशवण्डा सिफारिस | १००० |
| २५ | अन्य सिफारिस | २०० |
| २६ | उद्योग दर्ता सिफारिस १० एच.पी. भन्दा माथी | ८००० |
| २७ | उद्योग दर्ता सिफारिस १० एच.पी. भन्दा कम | ५००० |
| २८ | जडिवुटी निकासी सिफारिस | १००० |
| २९ | व्यक्तिगत घटना दर्ताको विलम्व शुल्क | २०० |
| ३० | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० |
| ३१ | व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर | २०० |
| ३२ | आर्थीक अवस्था कमजोर प्रमाणित | निशुल्क |
| ३३ | जग्गाधनी पुर्जामा फाटो टाँस सिफारिस | २०० |
| ३४ | जग्गाधनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्न सिफारिस दस्तुर | ५०० |
| ३५ | ईट्टा भट्टा स्थापना वा दर्ता सम्वन्धी सिफारिस | १०००० |
| ३६ | नीजी विद्यालय कक्षा थप दस्तुर कक्षा १ देखि ५ सम्म प्रति कक्षा | ७५०० |
| ३७ | नीजी विद्यालय कक्षा थप दस्तुर कक्षा ५देखि माथी ८ सम्म प्रति कक्षा | ११००० |
| ३८ | नीजी विद्यालय कक्षा थप दस्तुर कक्षा ८ देखि माथी १० सम्म प्रति कक्षा | २७५०० |
| ३९ | नीजी विद्यालय कक्षा थप दस्तुर कक्षा १०माथी देखि १२ सम्म प्रति कक्षा | ५५००० |
| ४० | नीजी क्याम्पसको विभिन्न शैक्षिक संकाय वा तह थप दस्तुर स्नातक तह वा सो भन्दा माथी | ११०००० |
| ४१ | नीजि विद्यालय खोल्न तथा कक्षा थप सिफारिस | ५००० |
| ४२ | विद्यालय ठाँउ सारी गर्न सिफारिस | ५००० |
| ४३ | जीवीत अथवा मृत्यु भएको सिफारिस | २०० |
| ४४ | जन्म मिती प्रमाणीत दस्तुर | ३०० |
| ४५ | जग्गा प्लटिङ्ग अनुमति | २५००० |
| ४६ | मदिरा पसल र रेष्टुरेन्ट दर्ता सिफारिस | १२०० |
| ४७ | कृषिजन्य फर्म दर्ता सिफारिस | ५०० |
| ४८ | अन्य व्यवसाय दर्ता सिफारिस | १००० |
| ४९ | पेट्रोल पम्प सिफारिस | १२००० |
| ५० | घरबाटो सिफारिस ५ कट्ठा सम्म | ७०० |
| ५१ | घरबाटो सिफारिस १० कट्ठा सम्म | १००० |

शम्भु गिरी
अध्यक्ष

| | | |
|---|---|---|
| ५२ | घरबाटो सिफारिस १५ कट्ठा सम्म | १२०० |
| ५३ | घरबाटो सिफारिस १ विघा सम्म | १४०० |
| ५४ | घरबाटो सिफारिस २ विघा सम्म | २२०० |
| ५५ | घरबाटो सिफारिस २ विघा माथि जुनसुकै सम्म | ३२०० |
| ५६ | घर जग्गाको मुल्याङ्कन एकलाख सम्म | १०० |
| ५७ | घर जग्गाको मुल्याङ्कन एक लाख माथी तीनलाख सम्म | ५०० |
| ५८ | घर जग्गाको मुल्याङ्कन तिन लाख माथी पाँच लाख सम्म | ८०० |
| ५९ | घर जग्गाको मुल्याङ्कन पाँच लाख माथी दश लाख सम्म | १००० |
| ६० | घर जग्गाको मुल्याङ्कन दश लाख माथी पन्द्र लाख सम्म | १५०० |
| ६१ | घर जग्गाको मुल्याङ्कन पन्द्र लाख माथी वीस लाख सम्म | २५०० |
| ६२ | घर जग्गाको मुल्याङ्कन वीस लाख माथी तीस लाख सम्म | ३५०० |
| ६३ | घर जग्गाको मुल्याङ्कन तीस लाख माथी पचास लाख सम्म | ४५०० |
| ६४ | घर जग्गाको मुल्याङ्कन पचास लाख माथी एक करोडसम्म | ६००० |
| ६५ | घर जग्गाको मुल्याङ्कन एक करोड माथी जतिसुकै सम्म | ८००० |
| ६६ | घर जग्गाको मुल्याङ्कन अंग्रजीमा गर्दा नेपालीमा लाग्ने शुल्क भन्दा दोव्वर लाग्ने छ | |
| ६७ | सर्जमिन सहित नागरिकता सिफारिस | ३०० |
| ६८ | अन्य जुनसुकै सिफारिस | २०० |
| ६९ | चारकिल्ला प्रमाणित क बर्गको जग्गा प्रति कित्ता | १५०० |
| ७० | चारकिल्ला प्रमाणित ख बर्गको जग्गा प्रति कित्ता | ५०० |
| ७१ | चारकिल्ला प्रमाणित ग बर्गको जग्गा प्रति कित्ता | ४०० |
| ७२ | चारकिल्ला प्रमाणित घ बर्गको जग्गा प्रति कित्ता | ३०० |
| ७३ | चारकिल्ला प्रमाणित ङ बर्गको जग्गा प्रति कित्ता | २०० |
| ७४ | चारकिल्ला प्रमाणित च बर्गको जग्गा प्रति कित्ता | १०० |
| ७५ | समुह दर्ता तथा नवीकरण सिफारिस | ३०० |
| ७६ | उद्योग तथा व्यवसाय लगत कट्टा दस्तुर/सिफारिस | ५०० |
| ७७ | सिफारिस वा अन्य प्रयोजनका लागि पेश हुने निवेदन टिकट वापत/निवेदन दस्तुर | १० |
| ७८ | आयश्रोत सिफारिस स्वदेशी | ५०० |
| ७९ | पारिवारिक लगत सिफारिस | ३०० |
| ८० | कर क्लिरेन्स सिफारिस स्वदेशी प्रयोजन | ५०० |
| ८१ | पेन्सन सिफारिस स्वदेशी | ३०० |
| ८२ | पेन्सन सिफारिस भारतीय | ७०० |
| ८३ | पेन्सन सिफारिस तेस्रो मुलुक | १००० |
| ८४ | पेन्सन नामसारी स्वदेशी | ३०० |
| ८५ | पेन्सन नामसारी भारतीय | ७०० |
| ८६ | पेन्सन नामसारी तेस्रो मुलुक | १००० |
| ८७ | बसाई सराई गरी आउनेलाई सेवा शुल्क बापत | ५०० |
| ८८ | नक्सा पास फाराम बिक्रि दस्तुर | ५०० |

शम्भु गिरी
अध्यक्ष

| | | |
|---|---|---|
| ८९ | पेशा व्यवसाय प्रमाणपत्र विक्री दस्तुर | १०० |
| ९० | सम्पत्तीकर र श्रेष्ता कायम फाराम | निशुल्क |
| ९१ | नाता प्रमाणित अन्य प्रयोजन सर्जमिन सहित | ५०० |
| ९२ | अस्थायी बसोबास सिफारिस | ७५० |
| ९३ | स्थायी बसोबास सिफारिस स्वदेशी | ५०० |
| ९४ | नाम थर जन्ममिति संशोधन सिफारिस दस्तुर | २५० |
| ९५ | कुनै व्यक्तिको नाम थर जन्ममिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस दस्तुर | २५० |
| ९६ | जग्गाधनी दर्ता प्रमाण पुर्जामा हराएको सिफारिस दस्तुर | ५०० |
| ९७ | कित्ताकाट गर्न सिफारिस दस्तुर | ५०० |
| ९८ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस दस्तुर | २०० |
| ९९ | जीवितसँगको नाता प्रमाणित दस्तुर | ३०० |
| १०० | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस दस्तुर | ५०० |
| १०१ | जीवित रहेको सिफारिस दस्तुर | ५०० |
| १०२ | हकवाला वा हकदार प्रमाणित गर्ने | ३०० |
| १०३ | नामसारी गर्न सिफारिस गर्ने | ५०० |
| १०४ | आदिवासी जनजाति दलित प्रमाणित सिफारिस | २५० |
| १०५ | नाबालक नाबालिका सिफारिस | २५० |
| १०६ | टेलिफोन नयाँ जडान सिफारिस | ५०० |
| १०७ | अंगिकृत नागरिकता सिफारिस | १५०० |
| १०८ | जन्ममिति प्रमाणित (वैदेशिक प्रयोजन) | १००० |
| १०९ | विवाहित/अविवाहित प्रमाणित(वैदेशिक प्रयोजन) | १००० |
| ११० | ठेगाना प्रमाणित(वैदेशिक प्रयोजन) | १००० |
| १११ | चारित्रिक प्रमाणित(वैदेशिक प्रयोजन) | १००० |
| ११२ | स्थायी बसोबास सिफारिस(वैदेशिक प्रयोजन) | १००० |
| ११३ | नाम फरक (वैदेशकि प्रयोजन) | १००० |
| ११४ | ठेगाना प्रमाणित विदेशी प्रयोजन | १००० |
| ११५ | आयश्रोत सिफारिस विदेशी प्रयोजन | २००० |
| ११६ | कर क्लिरेन्स सिफारिस विदेशी प्रयोजन | ५०० |
| ११७ | यि वाहेकका अन्य विदेशी प्रयोजन सिफारिसहरु | १००० |
| | **नामसारी सिफारिस तर्फ** | |
| ११८ | खानेपानी/विद्युत/टेलिफोन नामसारी सिफारिस | ७०० |
| ११९ | घर नक्सा नामसारी | १००० |
| १२० | घर निर्माण इजाजत नामसारी | ३०० |
| १२१ | अटोरिक्सा ईरिक्सा दर्ता नामसारी | ७५० |
| १२२ | पेशा व्यवसाय नामसारी | ४०० |
| १२३ | उद्योग ठाउँसारी | २००० |
| १२४ | उद्योग नामसारी | २५०० |
| १२५ | आन्तरिक राजश्व कार्यालय वा घरेलु व्यवसाय दर्ता र लगत कट्टा सिफारिस | ९०० |

शम्भु गिरी
अध्यक्ष

| | | |
|---|---|---|
| १२६ | सम्पत्तीकर/मालपोत रसिदको प्रतिलिपि दिँदा | ५० |
| १२७ | मोहि लगत कट्टा सिफारिस ५ कट्ठासम्म | ७०० |
| १२८ | मोहि लगत कट्टा सिफारिस ५ कट्ठा देखि माथी १० कट्ठासम्म | १००० |
| १२९ | मोहि लगत कट्टा सिफारिस १० कट्ठा देखि माथी १५ कट्ठासम्म | ११०० |
| १३० | मोहि लगत कट्टा सिफारिस १५कट्ठा देखि माथी १ बिगाहासम्म | १५०० |
| १३१ | मोहि लगत कट्टा सिफारिस १ विघाहा देखि माथी ५ बिगाहासम्म | २००० |
| १३२ | मोहि लगत कट्टा सिफारिस ५ विघाहा देखि माथी १० बिगाहासम्म | २५०० |
| १३३ | मोहि लगत कट्टा सिफारिस १० विघाहा देखि माथि जतिसुकै भएपनि | ४००० |
| १३४ | अपुताली सिफारिस तीनपुस्ता वाहेक | ७००० |
| १३५ | अपुताली सिफारिस तीनपुस्ता भित्र | ५००० |
| १३६ | मदिरा डिलरको इजाजत सिफारिसमा | २५०० |
| १३७ | अन्य डिलरको इजाजत सिफारिसमा | २००० |
| १३८ | घर कायम सिफारिस पक्की घर प्रति वर्गफिट | २.५ |
| १३९ | पक्की घर सम्पन्न सिफारिस | ७०० |
| १४० | कच्ची घर सम्पन्न सिफारिस | ३०० |
| १४१ | रुख कटान सिफारिस | १५०० |
| | **सार्वजनिक सुविधा उपभोग सेवा शुल्क** | |
| १४२ | रांगा काटने र मासु बिक्रि गर्नेसँग प्रतिगोटा | ५० |
| १४३ | खसी, बोका, बाख्री, भेडा काटने र मासु बिक्रि गर्नेसँग प्रतिगोटा | १५ |
| १४४ | रांगा भैसी व्यापार गर्न ल्याउनेलाई प्रति जिउ | ५० |

| | | |
|---|---|---|
| | **शिक्षा सेवा तर्फ सिफारिस शुल्क** | |
| १४५ | निजी क्षेत्रका क्याम्पस | १२००० |
| १४६ | नीजी क्षेत्रका आधारभूत तह विद्यालय कक्षा थप | ७००० |
| १४७ | नीजी क्षेत्रका माध्यामिक तह विद्यालय कक्षा थप | ९००० |
| १४८ | तालिम तथा अनुसन्धान केन्द्र | ३००० |
| १४९ | टाइपिङ कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ३००० |
| १५० | अन्तराष्ट्रिय गैरसरकारी संस्था | ५००० |
| १५१ | संघ संस्था दर्ता सिफारिस | १००० |
| १५२ | संघ संस्था नविकरण सिफारिस ५ लाखसम्मको वार्षिक कारोबार भएको | ५०० |
| १५३ | संघ संस्था नविकरण सिफारिस ५ लाख भन्दा माथि २० लाख सम्मको कारोबार | १५०० |
| १५४ | संघ संस्था नविकरण सिफारिस २० लाख भन्दा माथिको वार्षिक कारोबार | २००० |
| १५५ | ताला खुलाउनेमा (घरधनीले व्यहोर्नु पर्ने) | ७०० |
| १५६ | बाटो प्रमाणित | १००० |
| १५७ | जग्गा नापी, लोकेशन तथा साइटप्लानको सेवा शुल्क (प्रति व्यक्ति) | |
| | ०-१० कट्ठा सम्म | १००० |
| | १०-१ विगाह सम्म | १५०० |
| | १ विगाह-५ विगाह | २००० |
| | ५ विगाह माथी | २५०० |

**शम्भु गिरी**
**अध्यक्ष**

| | | |
|---|---|---|
| १५८ | व्यवसाय फर्म दर्ता शुल्क (सबै फर्म व्यवसाय दर्ता शुल्क) | ५०० |
| १५९ | नक्साको कि.नं. परिवर्तन वा छुट सिफारिसमा | ५०० |
| १६० | घर निर्माण सम्पन्न भएको सिफारिस | ७०० |
| १६१ | नक्सा पास प्रमाणपत्र नक्कल दिँदा(नक्सा सहित) | ५०० |
| १६२ | इजाजत पत्रको नक्कल दिँदा | १५० |
| १६३ | बाटो कटान तर्फ सेवा शुल्क पक्की सडक प्रति वर्ग मि. | २२०० |
| १६४ | बाटो कटान तर्फ सेवा शुल्क ग्राभेल सडक प्रति वर्ग मि. | २०० |
| १६५ | उद्यमी समूह/टोल विकास संस्था दर्ता दस्तुर | ७०० |
| १६६ | टोल विकास सस्था सिफारिस दस्तुर | ५०० |
| १६७ | टोल विकास सस्था नविकरण दस्तुर | ३०० |
| १६८ | टोल विकास संस्था दर्ता प्रमाणपत्र प्रतिलिपि लिँदा लाग्ने दस्तुर | १५० |
| १६९ | जग्गा विकास कार्यक्रम सेवा शुल्क १ कट्ठा देखि ५ कट्ठासम्मको जग्गामा | ६००० |
| १७० | जग्गा विकास कार्यक्रम सेवा शुल्क ५ कट्ठा देखि माथी १० कट्ठासम्मको जग्गामा | १०००० |
| १७१ | जग्गा विकास कार्यक्रम सेवा शुल्क १० कट्ठा देखि माथी १५ कट्ठासम्मको जग्गामा | ३३००० |
| १७२ | जग्गा विकास कार्यक्रम सेवा शुल्क१५कट्ठा देखि माथी २० कट्ठासम्मको जग्गामा | ४०००० |
| १७३ | जग्गा विकास कार्यक्रम सेवा शुल्क२०कट्ठा देखि माथी २५ कट्ठासम्मको जग्गामा | ५०००० |
| १७४ | जग्गा विकास कार्यक्रम सेवा शुल्क२५ कट्ठा देखि माथी ३० कट्ठासम्मको जग्गामा | ६०००० |
| १७५ | जग्गा विकास कार्यक्रम सेवा शुल्क३० कट्ठा देखि माथी ३५ कट्ठासम्मको जग्गामा | ६५००० |
| १७६ | जग्गा विकास कार्यक्रम सेवा शुल्क३५ कट्ठा देखि माथी ४० कट्ठासम्मको जग्गामा | ७५००० |
| १७७ | जग्गा विकास कार्यक्रम सेवा शुल्क४० कट्ठा देखि माथी ४५ कट्ठासम्मको जग्गामा | ९०००० |
| १७८ | जग्गा विकास कार्यक्रम सेवा शुल्क ४५ कट्ठा देखि माथिको जुनसुकै जग्गामा | १००००० |
| १७९ | जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने व्यक्ति वा सस्थाले गाउँपलिकाबाट अनुमति लिनु पर्नेछ । | |

| | | |
|---|---|---|
| | **गाउँपालिकाको सवारी साधन भाडा** | |
| १८३ | व्याकहोलोडर प्रतिघण्टा( प्रतिघण्टाको हिसाव गर्दा व्याकहोलोडर रहेको स्थानबाट कार्यस्थल सम्म पुग्न लाग्ने दुरीमा लागेको समय समेत गणना हुनेछ) | २५०० |
| १८४ | ट्याक्टर भाडा खेतीयोग्य जमीनमा काम गर्दा कल्टी भेटर,ह्यरो माध्यमबाट प्रति घण्टा | २१०० |
| १८५ | ट्याक्टर भाडा खेतीयोग्य जमीनमा काम गर्दा रोडा भेटर माध्यमबाट प्रति घण्टा | २६०० |
| १८६ | ट्याक्टर भाडामा काम गर्दा प्रति दिन | ८००० |
| १८७ | ट्याक्टर भाडा गाउँपालिका भित्र २ कि मी सम्म प्रति ट्रिप | १२०० |
| १८८ | ट्याक्टर भाडा गाउँपालिका भित्र २ कि मी माथी प्रति कि मी मा प्रति ट्रिप थप | १५० |
| १८९ | संस्थागत विद्यालयको नतिजा प्रकाशन दस्तुर प्रति विद्यार्थी | २०० |
| १९० | कक्षा ८ को लब्धाङ्क पत्रको प्रमाणपत्र प्रतिलीपी | ५० |
| १९१ | विकाससँग सम्वन्धीत उपभोत्ता समुहको योजनाका विभिन्न सिफारिस | निशुल्क |
| १९२ | इन्जिनीयरिङ्ग कन्सल्ट सेवाहरुको सूचीकृत दस्तुर | २००० |
| १९३ | लेखापरिक्षकहरुको सुचीकृत दस्तुर | १००० |

शम्भु गिरी
अध्यक्ष

| | | |
|---|---|---|
| १९४ | गाउँपालिकाको सभाहल भाडा प्रतिदिन | १५०० |

अनुसूचि-१४

**जरिवानासँग सम्वन्धित दर**

दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा (१५) सँग सम्बन्धित

| क.स. | विवरण | जरिवाना दर |
|---|---|---|
| १ | राँगा/भैंसी, गाई, गोरु, वाखा, भेडा, सुंगुर, बंगुर आदि छरुवा वा छाडा छाडेमा हकवालाबाट पटकै पिच्छे प्रति पशु | ५० लिई विगो भराउने |
| २ | पंक्षीहरु हाँस, कुखुरा वा यस्तै अन्य पंक्षिहरु छाडा छाडेमा हकवालाबाट पटकै पिच्छे प्रति पंक्षी | २५ लिई विगो भराउने |
| ३ | अनाधिकृत रुपमा ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल वा अन्य यस्तै प्राकृतिक श्रोतको उत्खनन् वा ओसार-पसार गर्ने प्रति सवारी साधन | |
| क) | पावर टेलर (प्रथम पटक) | ५००० |
| ख) | ट्याक्टर (प्रथम पटक) | २०००० |
| ग) | टिप्पर, ट्रक आदि (हेभि मालबाहक साधन) प्रथम पटक | ५०००० |
| घ) | व्याकहोलोडर, डोजर आदि ( हेभि इकयुपमेन्ट) प्रथम पटक | १००००० |
| ङ) | माथि उल्लेखित सवारी साधनहरुले सोही प्रकृतिको कार्य दोहोऱ्याएको खण्डमा प्रतिसाधनलाई दोस्रो पटक देखि दोव्बर जरिमाना असुल गरिनेछ । | |
| ७ | खोलामा करेन्ट लगाई माछा मार्ने प्रति व्यक्ति प्रति पटक | ५००० |
| ८ | अनुमति नलिइ सडकमा निर्माण सामाग्री थुपारेमा प्रति पटक | २५०० |
| १० | व्यापारीक प्रयोजनका लागि घरनक्शा पास नगरि निर्माण कार्य गरेमा प्रति हकवाला | १५०० |
| ११ | घर नक्शापास नगरेको | २५०० |
| १२ | बार्षिक रुपमा गाउँपालिकामा बुझाउनु पर्ने भूमीकर, सम्पत्ति कर, व्यवसाय कर वा यस्तै आर्थिक ऐन अनुसारको दायित्व बमोजिमको कर बुझाउन विलम्ब गरी बुझाउनु पर्ने दायित्व भएको आ.व. भन्दा फरक आ.व.मा बुझाउन आएमा विलम्ब भएको रकम अङ्कको | १०% |
| १३ | प्लटिङ्ग अनुमति लिई कार्य गरेको बाहेक खेतीयोग्य जमीनमा खेती नगरी सालभरी जग्गा बाँझो राखेमा सम्बन्धीत जग्गाधनीबाट उक्त जग्गामा लाग्ने मालपोतको जरिवाना लाग्ने प्रतिशत | २५% |
| १४ | कसैले वनमा डढेलो लगाएमा पटकै पिच्छे लाग्ने जरीवाना ( थप अन्य कुरा कानुन बमोजिमको सम्बन्धीत निकायमा हुने) | ५०,००० |
| १५ | सार्वजनिक स्थल,बाटो वा अन्य यस्तै स्थानमा सार्वजनिक जीवनमा असर पुग्ने गरी कसैले निजि उपयोग गरी पशु चौपाया बाँध्ने वा अन्य यस्तै कार्यमा प्रयोग गरेमा प्रति परिवार प्रति पटक | २००० |

अनुसूचि-१५

**घर नक्सापास दस्तुर**

दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा (१६) सँग सम्बन्धित

| क.सं. | घरको प्रकार | दर रु. (प्रति वर्ग फिट) |
|---|---|---|
| १. | नयाँ निर्माण हुने आवासिय | ४ |
| २. | नयाँ निर्माण हुने व्यापारिक | ५ |
| ३. | नयाँ निर्माण हुने पक्की ईट्टाको गारा र टिनको छानो | ३ |

शम्भु गिरी
अध्यक्ष

| | | |
|---|---|---|
| ४. | नयाँ निर्माण हुने टीन तथा टायलको छानो | २ |
| ५. | नयाँ निर्माण हुने व्यावसायिक प्रयोजनका ट्रस्ट र टिनको छानो | ३ |
| ६. | निर्माण भई सकेको घरको नक्शापास अभिलेखिकरण आवासिय | ४ |
| ७. | निर्माण भई सकेको घरको नक्शापास अभिलेखिकरण व्यापारिक | ५ |
| ८. | निर्माण भई सकेको घरको नक्शापास अभिलेखिकरण पक्की ईट्टाको टिनको छानो | ३ |
| ९. | निर्माण भई सकेको घरको नक्शापास अभिलेखिकरण टिन तथा टायलको छानो | २ |
| १०. | पर्खाल निर्माण गर्दा प्रति रनिङ्ग फुट | २ |

अनुसूचि-१६

## कर छुट तथा प्रोत्साहन

दगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा (१७) सँग सम्बन्धित

| क्र.सं. | कर छुट हुने क्षेत्र र प्रोत्साहन |
|---|---|
| १ | घर नक्साको अभिलेखिकरण गर्ने सूचना बमोजिम आर्थिक बर्ष २०८१/०८२ को पुष मसान्त भित्र अभिलेखिकरण गर्न आउने व्यक्ति वा निकायलाई तोकीयको शुल्कको २५% रकम छुट दिईनेछ । |
| २ | महिला, क र ख वर्गको अपाङ्गता प्रमाणपत्र भएका व्यक्ति,अल्पसंख्यक र लोपउन्मुख भनी सूचीकृत भएका जाती जनजाति, दलित र गरिवीको प्रमाणपत्र पाएका विपन्न समुदायले तिर्ने सम्पत्ति कर, भूमी कर, व्यावसाय कर, वहाल विटौरी शुल्क, नक्सापास दस्तुरमा तोकिएको दरमा कुल रकम हिसाव गरी आउने रकमको २५% रकम छुट दिईनेछ |
| ३ | महिला उद्यमी, अल्पसंख्यक र लोपउन्मुख सूचीकृत जाति जनजाति, दलित, गरिवीको प्रमाणपत्र पाएका विपन्न, कृषि तथा पशुपालन सम्वन्धि व्यावसायिक फर्म, पर्यापर्यटन सम्वन्धी उद्यम, औद्योगिक ग्राममा सञ्चालन हुने सबै प्रकारका उद्यम, सहकारीको स्वामित्वमा सञ्चालन हुने उद्यम, एकै परिवारका व्यक्तिले एक भन्दा बढी उद्यम सञ्चालन गरी सो को विवरण गाउँपालिकामा पेश हुन आएमा यस्ता करदातालाई उद्यममा लाग्ने वार्षिक करमा २५% रकम छुट दिईनेछ । |
| ४ | अबैध रुपमा नदिजन्य पदार्थको उत्खनन् तथा ओसार पसार गर्नेलाई प्रक्राउ गरि कारवाहीका लागि पठाउने प्रहरी वा सो संगठनलाई असुल भएको रकमको १५% रकम उपलब्ध गराईनेछ ।.वन डढेलो लगाउने व्यक्तिको सूचना दिने वा कानुनी कारवाहीमा सहयोग गर्ने व्यक्ति वा निकायलाई जरिवाना भएको रकम अङ्कको २०% रकम उपलब्ध गराईने छ। |

दगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७३

शम्भु गिरी
अध्यक्ष